"समृद्ध नगर निर्माणको लागि नगरबासीको सहभागिता ।

आर्थिक तथा पूर्वाधार बिकास र सुशासन हाम्रो प्रतिबद्दता ।।"

***भजनी नगरपालिकाको***

***एघारौं नगरसभा***

## नगर प्रमुख श्री केवल चौधरीज्यूले प्रस्तुत गर्नुभएको

# आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम

**भजनी नगरपालिका**

**भजनी, कैलाली**

**सुदुरपश्चिम प्रदेश, नेपाल ।**

**२०७९ असार १० गते**

भजनी नगरपालिका एघारौ नगरसभा अधिवेशनका आदरणीय प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, नगर उप-प्रमुख ज्यू, प्रमूख प्रशासकीय अधिकृत ज्यू, नगरसभाका सम्पूर्ण सदस्य ज्यूहरु, राजनितिक दलका प्रमुख तथा प्रतिनिथि ज्यूहरु, सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, सुरक्षा निकायका प्रमुख ज्यूहरु, नागरिक समाजका प्रतिनिधि ज्यूहरु, बुद्धिजिवी, उपस्थित सम्पूर्ण राष्ट्रसेवक कर्मचारी एवं संचारकर्मी ज्यूहरु ,

वर्तमान अवस्थामा भजनी नगरपालिकाको एघारौं नगरसभाको गरिमामय अधिबेशनमा आर्थिक बर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु । मुलुकमा भएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायतका राजनीतिक आन्दोलनमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका खातिर आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै, राजनीतिक आन्दोलनका क्रममा हालसम्म बेपत्ता, घाइते र अपाङ्ग योद्धाहरु प्रति उच्च सम्मान र सहानुभूति प्रकट गर्दछु ।

नेपालको संबिधानले निर्दिष्ट गरे बमोजिम संघीय सरकार र प्रदेश सरकारसँगको समन्वय, सहअस्तित्वको र सहकार्यको सिद्धान्त बमोजिम कार्य गर्दै यस नगरपालिकालाई सक्षम, सबल र आत्मनिर्भर बनाउने, कृषि पर्यटन र लघु उद्योग लगायत समस्त क्षेत्रको विकास मार्फत आर्थिक, सामाजिक विकास गर्दै समतामुलक समाजको निर्माणमा दृढ संकल्पित छौ ।

आदरणीय नगरसभाका सदस्य ज्यूहरु,

आगामी आ.व. २०७९।०८० को नीति तथा कार्यक्रम तर्जुमाको आधारको रुपमा हामीले विगतका वर्षहरुमा सम्पन्न कार्यहरुलाई लिईएको छ । त्यसैले म अब विगत तर्फ फर्केर यस नगरपालिकाले चालु आ.व.को हालसम्ममा सम्पादित कार्यहरुको छोटो समिक्षा सहितको प्रगतिलाई यस सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## आ.व. २०७८।०७९ को हालसम्मको प्रगति तथा समिक्षा

१) आ.व.२०७८/०७९ मा हालसम्म २ कि.मि. पक्की सडक, २७ कि.मि. ग्रावेल सडक, १ कि.मि. नयाँ सडक निर्माण र ११ वटा कल्भर्ट निर्माण भएका छन् । त्यसैगरी २५ वटा भवन निर्माण, १० वटा शौचालय निर्माण, ९०० मिटर खानेपानी लाईन विस्तार ,३.५ कि.मि. चेक ड्याम निर्माण, ४ वटा गौशाला निर्माण, ६०० मिटर पर्खाल निर्माण, ३१२ मिटर तटबन्धन निर्माण र १५ वटा मन्दिर निर्माण भएका छन् ।

२) यस आ व. मा हात्तीपाईले रोग निवारणमा खानुपर्ने उमेर समुहको लाई ३७,६१९ जनालाई हात्तीपाईलेको औषधी, राष्ट्रिय भिटामिन ए कार्यक्रममा पहिलो चरणमा ४२४२ जनालाई भिटामिन ए र ३६१९ जनालाई जुकाको औषधी दोस्रो चरणमा ३७६७ जनालाई भिटामिन ए र ३०८८ जनालाई जुकाको औषधी खुवाइएको छ ।

३) यस आ व.मा ११,६९६ जना १५ बर्षमुनिका बालबालिकाहरुलाई टाईफाईडको भ्याकिसन लगाएको साथै हालसम्म कोभिड १९ को खोप पहिलो मात्रा ९५ प्रतिशत ,दोस्रो मात्रा ९० प्रतिशत र बुस्टर मात्रा ३५ प्रतिशतलाई लगाएको । नियमित खोपमा बि.सी.जी.६९२ डि.पि.टी पहिलो ७३२ दोस्रो ७०४ र तेस्रो ७०९ जनालाई र दादुरा ६७६ ,टी डी दोस्रो ३६९ र टी.डी प्लस २५८ जनालाई लगाईएको छ ।

४) ९ वटै स्वास्थ्य संस्थाहरुबाट नियमित खोप, गाउघर क्लिनिक , ANC PNC लगायत महिला स्वास्थ्य सेवाहरु सुचारु गर्न सफल साथै ४ वटा स्वास्थ्य सस्थाहरुबाट खोप केन्द्र बिस्तार गरी ९ वटा खोप केन्द्रहरुबाट कोभिड १९ को भ्याक्सिनेसन सेवा शुरु गरिएको छ।

५) लालबोझी स्वास्थ्य चौकीमा बर्थिंङ्ग सेन्टर सुबिधाको व्यवस्था गर्दै हाल ४ वटा बर्थिंङ्ग सेन्टर बाट सेवा प्रदान गरिदै आएको छ।

६) भजनी नगरपालिकासंग सिमाना जोडिएका मरियाघाट, गुलरिया घाट, हलौना घाट र कौवाखेडामा हेल्थ डेस्क स्थापना गरि एन्टिजेन परिक्षण लगायत कोभिड १९ बिरुद्धको भ्याक्सिन लगाउने तथा परामर्श दिने कार्यक्रम संचालन गरिएको छ ।

७) बिभिन्न संघ-संस्थाहरु संग समन्वय गरी ILR , Dfreez, Vaccine Carrier, लगायतका सामानहरु सब कोल्डचेन सेन्टरहरुमा व्यवस्था गरिएको छ ।

८) ४ वटा स्वास्थ्य संस्थाहरुमा ओ टि सी सेन्टरको लागि सामान खरीद गरि ओ.टि.सी. सेन्टर स्थापना गरिएको छ ।

९) थापापुर स्वास्थ्य चौकीलाई पोषणमैत्री संस्था घोषणा गरिएको छ साथै ९ वटै वडाहरुमा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन गरि १ दिने अभिमुखीकरण गरिएको छ ।

१०) बृद्धि अनुगमनको प्रगति बढाउन प्रत्येक गाउघर क्लिनिकमा तौल लिन आएका हजार दिन भित्रका आमा तथा बालबालिकाहरुलाई २।२ वटा अण्डा बितरण गरि बृद्धि अनुगमन प्रगति बढाएको छ ।

११) ३ वडा स्वास्थ्य संस्थालाइ परिवार नियोजनका ५ वटै आधुनिक साधनहरुको उपलब्धता सुनिश्चता घोषणा गरिएको छ, साथै ३ वटा स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणा गरिएको छ ।

१२) प्रत्येक स्वास्थ्य संस्थाहरुबाट कम्तीमा पनि २ जनाको दरले २० जनालाइ DHIS 2, ELMIS, HMIS, र खोपको तालीम प्रदान गरिएको छ ।

१३) प्राथमिक स्वास्थ्य केन्द्रमा २४ सै घण्टा आकस्मिक सेवा र अन्तरंग सेवा सुचारु गरिएको छ ।

१४) प्राथमिक स्वास्थ्य केन्द्र भजनीमा नया डिजिटल एक्सरे मेशीन र सि.आर मेशीन जडान गरि सेवा सुचारु गरिएको छ ।

१५) यस आ.व. मा यस नगरपालिकामा रहेका जम्मा ११२ जनालाइ अपांगता परिचयपत्र वितरण गरिएको छ ।

१६) ग र घ वर्गका अपांगता भएका व्यत्तिहरुका लागी सिपविकास तालिम तथा अनुदान १० जना महिला सहभागीतामा संचालन गरि अनुदान उपलव्ध गराइएको छ ।

१७) जेष्ठ नागरिक सम्मान कार्यक्रममा भजनी नगरपालिकाका ९ वटै वडाका अतिविपन्न ७०वर्षमाथिका ४०जना जेष्ठनागरिकहरुलाई ४०वटा ब्ल्याङकेटर ४०वटा टर्चलाइट उपलब्ध गराई सम्मान गरिएको छ ।

१८) किशोरीहरुलाई आइपर्ने समस्याहरुको प्रतिकार गर्न ९ वटै वडाका ८ देखि १२ कक्षामा अध्ययनरत ४०जना किशोरीहरुले आत्मरक्षक तालिमबाट लाभान्वित भएका थिए ।

१९) कृषिमा आधुनिकीरण ल्याउन, कृषिमा कृषकको लागत घटाउन र कार्यबोझ घटाई उत्पादकत्व बृद्धि गर्ने उद्देश्यले ३२ थान पम्पसेट, १२ थान पावर टिलर, ६३ थान मोटर, १३४ थान स्प्रेय ट्याङ्की, २७ थान सिचाई बोर, १३ थान रिपर, १ थान रोटारबेटर, १ थान मेट बनाउने मेसिन, १ थान कल्टिभेटर, १ थान हाईरो, १ थान ग्रेडिङ्ग मेसिन, ३० थान क्रेट वितरण गरि जम्मा ३१५ जनालाई कृषि औजारहरु वितरण गरिएको छ । त्यसै गरि ६००० कृषकलाई लाभान्वित हुने गरि ३९० हेक्टर जग्गाको लागि विउ विजन वितरण गरिएको छ ।

२०) गत बर्षातको समयमा बाढीले धान बालिको नस्ट गरि क्षेती पुर्याएको किसानलाई राहत स्वरूप आर्थिक सहयोग वितरण प्रक्रियामा रहेको छ।

२१) भवन तथा बस्ति बिकास उपशाखा अन्तर्गत नया घर नक्शा दर्ता ४ वटा, पुरानो घर अभिलेखिकरण २ वटा, घर नक्शा नामसारी र घर निर्माण सम्पन्न २/२ वटा सम्पन्न भएको छ । यसै गरि सुरक्षित नागरिक आवास कार्यक्रममा जम्मा १२४ जनालाई अन्तिम भुक्तानी भएको, २६८ जनालाई प्रथम किस्ता प्रदान गरिएको र ११५ जनाको छनोट गर्न सर्वेक्षण फाराम भरि पठाईएको छ।

२२) भजनी नगरपालिका पशु सेवा शाखा अन्तर्गत हिउदे घासको बिउ वितरण, मिनरल ब्लक वितरण, स्कुल प्रसारण शिक्षा, बर्षे घासको बिउ बितरण कार्य सम्पन्न भएको छ भने तेश्रो चौमासिकको औषधि खरिद, वडामा ट्रेबिज निर्माण, बोका बिर वितरण, बहुबर्षीय डाले घास बोट वितरण, च्याप कटर वितरण,

भैसीपालन अनुदान कार्यक्रम, कुखुरा पालन फोरम अनुदान, दाना उद्योगको लागि पुर्बधार निर्माण कार्य प्रक्रियामा रहेका छन् ।

२३) शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत भजनी नगरपालिकाको १० बर्षे शैक्षिक योजना निर्माण, साक्षर नगरपालिका घोषणाको लागि साक्षारता कक्षा संचालन, निजि श्रोत शिक्षक ब्यवस्थापनका लागि **निजि श्रोत शिक्षक व्यवस्थापन कार्यविधि २०७८** निर्माण, कक्षा १-५ सम्म स्थानीय पाठ्यक्रम निर्माण, कम्लरी, दलित, मुक्तकमैया, बिपन्न,जेहेन्दार विद्यार्थीहरुलाइ छात्रबृत्ति प्रदान गरिएको छ ।

२४) आ.व.२०७८/७९ मा यस नगरपालिका न्यायिक समितिले सस्थागत क्षमता स्वमुल्यांकन LISA मा सतप्रतिसत अंक प्राप्त गर्न सफल भएको, न्यायिक समितिमा पेश हुन आएका जम्मा ४९ ओटा मुद्दाहरु मध्ये ३० ओटा निवेदनको मेलमिलापको प्रक्रियाबाट न्यायिक निरुपण भएको र बाँकी १९ ओटा प्रक्रियामा रहेका छन, साथै कानुन इकाई अन्तर्गत बिनियोजन बजेट मार्फत मुस्लिम, मधेसी, मुक्तकमैया र दलित समुदायका किशोर किशोरीहरुको सशक्तीकरण तथा लोपोन्मुख समुदाय राजी जातिको सशक्तिकरणको लागि कानुन सम्बन्धि सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

२५) यस नगरपालिका क्षेत्रभित्र हुन सक्ने विपद्को न्युनिकरणको लागि गौरी चोक देखि जागा टोल जाने बाटोमा काढा नदिमा तटबन्धन, वडा नं. ८ को नवराज जैसीको जग्गा देखि निरंकारी जाने बाटोमा लगायत विभिन्न क्षेत्रमा जैविक तट्बन्धन कार्य सम्पन्न भएका र अन्य क्षेत्रमा कार्य सुचारु रहेको छ । यसै गरि वडा नं. ८ मा डल्फिन क्षेत्रमा गोलघर निर्माण र सुरक्षीत आवास निर्माण कार्य सुचारु भएको छ ।

२६) विद्यायन समितिबाट यस आ.व. मा ७ वटा ऐन,नियम,कार्यविधि,निर्देशिका प्रमाणिकरण भई जारी भएका र ५ वटा ऐन, नियम, कार्यविधि,निर्देशिकाहरु प्रक्रियामा रहेका छन् ।

२७) यस नगरपालिकामा हुने गरेका गतिविधीहरुलाई पारदर्शी, जवाफदेही, बनाउन कार्यालयको सूचना पाटी र वेवसाइट मार्फत सुचनाहरु सार्वजनिक गर्ने गरिएको छ ।

२८) सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैकिङ्ग प्रणालीबाट भईरहेको जसमा MIS System मा दर्ता भए अनुसार ५८०३ जना सामाजिक सुरक्षा लाभग्राही रहेका मध्ये ५१५८ जनाले प्रथम त्रैमासिकमा, ५४१८ जनाले दोश्रो त्रैमासिकमा भत्ता प्राप्त गरेका र बाँकी तेश्रो त्रैमासिक भत्ता वितरण कार्य भई रहेको छ । यस नगरका सम्पुर्ण वडाहरुमा पञ्जिकरणलाई पुर्ण रुपमा अनलाईन दर्ता गर्ने गरिएकोमा २०७८ सालमा ३,८१७ वटा व्यक्तिगत घटना दर्ता भएका छन् । २०७८ साल बैसाख १ देखि ०७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह संचालन गरेको र राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको बार्षिक कार्यक्रम अनुरुप व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा दर्ता शिविर संचालन भई २९६ जना सेवाग्राहीले सेवा प्राप्त गरेका छन । साथै, व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी प्रत्येक गाउँ समुदायका बडघर/भलमन्साहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ ।

२९) आ व २०७८।०७९ मा भुमी ईकाइबाट भुमीहिन दलितका ४७२ आवेदन संकलन भएकामा ३०२ सिस्टममा ईन्ट्री भएका भुमिहिन सुकुम्बासीका १६७९ वटा आवेदन संकलन भएकामा ८७० सिस्टममा ईन्ट्री भएका अव्यवस्थित बसोबासीहरुको ७१६० वटा आवेदन संकलन भएकामा २७९० वटा सिस्टममा ईन्ट्री भएका जम्मा ९३११ वटा आवेदन संकलन भएकामा ३९६२ वटा सिस्टममा ईन्ट्री भएका छन् । साथै वडा नं ८ मा २५२ कित्ता नापजाँच भएका छन् ।

३०) गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत ६ वटा लघु उद्यमी समुहको गठन गरी ८५ जना नयाँ उद्यमी छनौट गरिएको र ति ८५ जना उद्यमीहरुलाई उद्यमशिलता विकास तालिम समेत प्रदान गरिएको, प्राविधिक सिप विकास तालिम अन्तर्गत २४ जनालाई बंगुरपालन, १२ जनालाई तरकारी

खेती, ३ जनालाई वारिङ्ग तालिम, ४ जनालाई हेयर कटिङ्ग तालिम प्रदान गरिएको छ । साथै २६ जनालाई सिलाई कटाई तालिम संचालनमा रहेको छ ।

३१) आ.ब. २०७८/७९ सालमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २८८० जना सुचिकृत श्रमिकहरु मध्ये यो बर्षा ५२६ जना श्रमिक न्युनतम १०० दिनको रोजगरी पाएका छन । जस मध्ये विकास पुर्वधार अन्तर्गत आयोजनाहरु वडा नं १ देखि ९ सम्मा निम्न अनुसारको योजना संचालन भएका छन । बाटो मर्मत तथा निर्माण ३४ वटा, चेकड्याम निर्माण तथा मर्मत ८ वटा, नाला सरसफाई तथा मर्मत ५ वटा, भवन भट्काउने ३ वटा, पाइपलाइन विस्तार १ वटा र तट्बन्ध १ गरी यो वर्ष जम्मा ५२ वटा योजना रोजगार सेवा केन्द्र द्वारा भएको छ ।

३२) चालु आ.व.को हालसम्ममा चालु तर्फ विनियोजन भएको २१,९२,९०,१०७।६९ (एक्काईस करोड बयानब्बे लाख नब्बे हजार एक सय सात रुपिया पैसा उन्सत्तरी ) बजेट मध्ये ७१.४९% खर्च भएको छ त्यसै गरि पुँजीगत तर्फ विनियोजन भएको २६,१३,१०,५५३।– (छब्बीस करोड तेह्र लाख दश हजार पाँच सय त्रिपन्न) बजेट मध्ये ५३.२५% खर्च भएको छ भने कुल विनियोजित बजेटको ६३.३६% हालसम्म खर्च भएको छ ।

३३) यस आ.व.मा आन्तरिक आयको अनुमान २,५०,००,०००।– (दुई करोड पचास लाख मात्र ।) गरिएकोमा हालसम्म १,१६,६७,०५४।– (एक करोड सोह्र लाख सत्सठ्ठी हजार चौवन्न ) अर्थात ४६% राजश्व संकलन भएको छ ।

नगरसभा सदस्यज्यूहरु,

अब म भजनी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय नगर सभा अधिवेशनमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम

**शिक्षा सम्बन्धी नीति :**

१. **"गुणस्तरिय शिक्षा, भजनीको सदिक्षा"** भन्ने नाराका साथ **१० वर्षे शैक्षिक योजना** कार्यान्वयनमा ल्याईने छ । साथै शिक्षक व्यवस्थापन कार्यविधि र नगर शिक्षा ऐन निर्माणको प्रक्रिया अगाडी बढाइने छ |

२. विद्यार्थी शिक्षकको अनुपातको राष्ट्रिय मापदण्डको आधारमा विद्यालय नक्साङ्कन र विध्यालय एकिकरण सहित शिक्षक दरवन्दी मिलान गरिनेछ । साथै शिक्षामा सबैको पहुँच सुनिश्चित गरिनेछ ।

३. सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षित गर्न प्रत्येक वडामा कम्तिमा एक सामुदायिक विद्यालयमा नेपाली र अंग्रेजी दुवै माध्यमबाट कक्षा संचालन गरिनेछ । साथै नगरपालिकाका जनप्रतिनिधी, शिक्षक, कर्मचारीका छोराछोरीलाई सामुदायिक विद्यालयमा अध्ययन गराउनु पर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

४. उच्च शिक्षामा अध्ययनरत मुक्त कमैयाका बालबालिका, कमलरी, आर्थिक रुपले विपन्न, पिछडिएका आदिवासी, लोपोन्नमुख, सिमान्तकृत, जनजाती, दलित, सहिद तथा द्धन्द पिडित परिवारका बालबालिका, वेपत्ता पारिएका परिवारका बालबालिका, अपाङ्गता भएका बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ । विद्यालय उमेर समुहका सबै बालबालिकालाई विद्यालय पहुँचको सुनिश्चितता गरिनेछ ।

५. नगर क्षेत्रमा रहेको महुन्याल बहुमुखी क्याम्पसको दिगो व्यवस्थापनका लागि पहल गरिनेछ । साथै कर्मेश्वर मा.वि. र महुन्याल मा. वि. मा रहेको प्राविधिक शिक्षाको अध्यापनलाई थप व्यवस्थित गर्दै अन्य विद्यालयमा समेत प्राविधिक तथा व्यवसायिक शिक्षा संचालनका लागि आवश्यक पहल गरिनेछ ।

६. सामुदायिक विद्यालयमा इन्टरनेट जडान, कम्प्यूटर वितरण गरि शिक्षालाई प्रविधिमैत्री बनाइनेछ । आधारभुत तह कक्षा १ देखि ५ सम्मको शिक्षालाई प्रविधिमैत्री बनाउन प्रत्येक वडामा १/१ विद्यालयमा ईन्टरनेट जडान गरी कम्प्युटर र प्रिन्टर बितरण गरिनेछ । कक्षा ८ देखि १२ सम्म अध्ययनरत किशोर किशोरीसंग मेयर-उपमेयर अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ । साथै लिडर फिडर एजुकेशन पोलिसीलाई आत्मसाथ गर्दै शिक्षक डायरीलाई अनिवार्य रुपमा अवलम्बन गर्ने नीति लिईने छ ।

७. निजि श्रोतका शिक्षक व्यवस्थापन गर्न प्रोत्साहन स्वरुप शिक्षण सिकाई अनुदान कार्यक्रमको व्यवस्था गरिनेछ । प्रत्येक वडामा १/१ वटा नमुना बालविकास केन्द्र बनाईने छ ।

८. नेपालको संविधानले व्यवस्था गरे बमोजिम आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य तथा नि:शुल्क हुनु पर्ने व्यवस्थालाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ । साथै नगरपालिका भित्रका सवै सार्वजनिक विध्यालयले कुनै पनि प्रकारको शुल्क संकलन गर्ने प्रवृतिलाई पुर्ण रुपमा निश्तेज गरिने नीति लिइनेछ ।

**स्वास्थ्य सम्बन्धी नीति :**

९. भजनी प्राथमिक स्वास्थ्य केन्द्रको उचित व्यवस्थापन गरी यथासिघ्र १५ सैयाको अस्पतालको रुपमा स्थापना गरिनुका साथै, जटिल समस्या रहेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई नगर क्षेत्रका स्वास्थ्य संस्थासम्म आवतजावतको लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

१०. लालवोझी आयुर्वेद औषधालय चर्रालाई थप व्यवस्थित गर्दै आर्यूवेदिक उपचार प्रणालीलाई बैकल्पिक चिकित्सा प्रणालीहरूको संरक्षण, सम्वर्द्धन र विकास गरिनेछ ।**"योग गरौं स्वास्थ्य रहौं"**भन्ने नाराका साथ योग शिविर संचालन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

११. जनताको मौलिक हकको रुपमा रहेको गुणस्तरिय स्वास्थ्य सेवामा सवै नागरिकमा सहज पहुँचमा पुग्ने गरि (Universal health coverage) प्रभावकारी रुपले उपलव्ध गराउने एवं आधारभुत स्वास्थ्य सेवा निशुल्क गराउने कार्यक्रम ल्याईने छ।

१२. अति विपन्न एकल महिला, मुक्त कमैया, दलित, कमलरी, अल्पसंख्यक, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको लागि स्वास्थ्य बीमा तथा विशेष कार्यक्रम संचालन गरिनेछ ।

१३. थारु समुदायमा व्याप्त महामारीको रुपमा देखिएको सिकलसेल एनिमिया रोगको जाँचको लागि इलेक्ट्रोफोरेसिस मेशिन प्राथमिक स्वास्थ्य केन्द्रमा जडान गरि नि:शुल्क र नियमित जाचको ब्यबस्था मिलाइने छ ।

१४. प्रत्येक वडामा बर्थिंक सेन्टरको ब्यवस्था गरिनेछ । विगत वर्षका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा नीतिहरुलाई निरन्तरता दिदै कार्यसम्पादनमा थप प्रभावकारिता ल्याईनेछ ।

**पूर्वाधार विकास सम्बन्धी नीति :**

१५. नगरस्तरीय सडक, खानेपानी, सिचाई, ढलनिकास, झोलुङ्गे पूल, विधुत र भु-उपयोग योजना सहितको दिगो भौतिक पुर्वाधार बिकासको बहुवर्षीय गुरु योजना निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखी आवश्यक बजेट विनियोजन गरिनेछ ।

१६. सार्वजनिक बाटोघाटो, चौर, नहर, कुलो, झरनहरु मिचिएको वा हराएको भए कानून अनुसार उक्त ठाउँहरु छुट्याईने छ । सार्वजनिक जग्गामा निर्माण भएका संरचनाहरु हटाउने नीति लिइने छ ।

१७. भवन निर्माण मापदण्डलाई पुर्ण कार्यान्वयन गरी पुराना भवनहरुको अभिलेखिकरण गर्दै लगिने छ ।

१८. तुलनात्मक लाभको क्षेत्र र जनताको लागत सहभागिता जुट्ने योजनाहरुलाई विशेष प्राथमिकता दिईनेछ । आवधिक योजना र मध्यकालिन खर्च संरचना निर्माण गरि लागु गरिनेछ ।

१९. **एक वडा एक पक्कि सडक निर्माण**को नीतिलाई कार्यान्वयन गर्न प्रत्येक वडामा कम्तिमा **वार्षिक चार सय मिटर** सडकलाई अनिवार्य रुपमा कालोपत्रे गर्ने नीति लिइनेछ ।

२०. नगर चक्रपथ निर्माणको कार्यलाई संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरि निर्माण कार्यलाई तिव्रता दिईने छ । साथै यातायात सेवालाई व्यवस्थित गर्दै बसपार्क निर्माणका लागि स्थानको पहिचान गरि निर्माण कार्यलाई अगाडी बढाईने छ ।

२१. वडा तथा नगर स्तरीय कच्चि सडक, ग्राभेल सडक तथा कालोपत्रे सडकलाई उचित मर्मत सम्भार गर्न एक नगर मर्मत तथा सम्भार समिति बनाइने छ | साथै नगरको ढल निकास सम्बन्धि समस्यालाइ समाधान गर्न दिर्घकालिन नीति लिइने छ |

**युवा , खेलकुद , श्रम तथा रोजगार सम्बन्धी नीति :**

२२. वडा नं १ मा निर्माणाधिन अवस्थामा रहेको खुल्ला मञ्च तथा कवर्डहल निर्माण कार्यलाइ निरन्तरता दिइने छ । **मेयरकप र उपमेयरकप खेलकुद कार्यक्रम** सञ्चालनका साथै खेलकुदमा दिर्घकालिन विकासको लागि खेलकुद एकाडेमी संचालन गर्न पहल गरिनेछ ।

२३. आर्थिक, सामाजिक हिसावले बिपन्न, वेरोजगार युवा वर्गहरुका लागि सरकारी सेवामा उनीहरुको सहभागिता अभिवृद्धिका लागि लोकसेवा परीक्षा तयारी कक्षा एवं मागमा आधारित सीपमुलक तालिम संचालन गरिनेछ ।

२४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्न पुर्वाधार योजनासँग जोडदै वेरोजगार युवालाई प्रोत्साहन दिने खालका कार्यक्रम निर्माणमा विशेष जोड दिइने छ । रोजगार सुचना व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित गर्दै सुचिकृत बेरोजगार श्रमिकहरुलाई योग्यता, क्षमता र सीपको आधारमा रोजगार दिइने नीति लिईनेछ ।

२५. युवा जनशक्तिलाई व्यवसायिक कृषि तथा पशुपक्षी विकास कार्यक्रममा सहभागी गराउदै खाद्यान्न तथा पशु जन्य पदार्थको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने नीति लिईने छ । गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

**कृषि बिकास तथा पशु सेवा सम्बन्धी नीति :**

२६. **"कृषि उत्पादन बढाऔं, खाद्यान्नमा आत्मनिर्भर बनौं"** भन्ने नाराका साथ कृषकहरुलाई आधुनिक कृषि र जैविक खेती प्रणालीलाई प्रोत्साहन गर्दै कृषि बिकास तथा पशु सेवामा आधुनिकिकरण, व्यवसायीकरण, बजारीकरण र विविधीकरण गर्ने नीतिलाई अवलम्वन गरिनेछ । साथै **मेयर नमुना गाउँ कृषि कार्यक्रम** मार्फत ब्यवसायिक कृषि प्रणालीमा जोड दिईनेछ ।

२७. कृषि यान्त्रीकिकरण प्रर्वद्धन गर्न कृषि पकेट, ब्लक तथा जोन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२८. पशुपंक्षी फर्म, कृषि फर्म, व्यवसायिक कृषकहरुको तथ्याङ्क संकलन गरि व्यवसायिक कृषक परिचयपत्र जारी गरिने र सक्षमताको लागि व्यावसायिक तालिम प्रदान गरिनेछ र नगरपालिकालाई **माछा जोनको** रुपमा विकास गरिनेछ ।

२९. सामुदायिक पशुको रेखदेख तथा व्यवस्थापनको लागि नगरपालिकाले आवश्यक पहल गर्नेछ । साथै रासायनिक मलको अत्याधिक मागलाई ब्यवस्थापन गर्न प्राङगारिक मल उत्पादन गर्न गड्यौलापालन प्रविधिमा अनुदान सहयोग गर्ने निति लिईने छ । साथै नयाँ प्रविधिको हाईड्रोपोनिक नमुना कम्तीमा एक वटा प्रदर्शन गरिनेछ ।

३०. कृषि तथा पशु हाट बजार संचालन तथा व्यवस्थापन गरिनेछ । **एक वडा एक बाली** पहिचानका साथै पशु पंक्षी बधस्थल निर्माण र बिउविजन, औषधि वितरण, निशुल्क कृतिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ ।

३१. सहकारी खेती कार्यक्रम अन्तर्गत नगरपालिका भित्र जमिन बाँझो नराख्ने निति ल्याईनेछ । सुख्खा तथा सिचाई सुविधा नभएको क्षेत्रमा सिचाई सम्बन्धी कार्यक्रम संचालन गरिनेछ । किसानहरुलाई आत्मानिर्भर बनाउन बेमौसमी तरकारी खेती, जडीबुटी खेती तथा फलफुल खेतीलाई प्रोत्साहन दिईनेछ ।

**भुमी सम्बन्धी नीति :**

३२. कृषियोग्य जमिनको पुर्ण उपयोग तथा बाझो रहन नदिन नगरपालिकामा भुमि बैङ्कको स्थापनाका लागि पहल गरिनेछ । नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण जग्गाहरुको वर्गीकरण गरि, वर्गीकरणको आधारमा भूमिको संरक्षण, व्यवस्थापन र उपयोग गरिनेछ |

३३. सुकम्बासी, मुक्तकमैया, भुमिहिन, अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न तथा नगर क्षेत्रमा रहेको नक्साङ्कन सम्बन्धी समस्यालाई समाधान गर्न सर्भे-नापी कार्य गर्दै आ.व. २०७९/०८० भित्र लालपुर्जा वितरणको कार्य सम्पन्न गर्नको लागि आवश्यक पहल गरिनेछ । साथै कित्ता नापी, विभिन्न प्रकारका नापी तथा नक्साङ्कनका लागि नगर क्षेत्रभित्र डिफ्रेन्सियल ग्लोबल नेभिगेसन सेटलाईट सिस्टम (**DGNSS)** प्रविधिको प्रयोग गरि स्थापना भएका नियन्त्रण विन्दुहरु (**Precise Control Points**) बाट कार्य अगाढी बढाइने छ ।

३४. यस भजनी नगरपालिका भित्र रहेका सवै सार्वजनिक, नीजि तथा सामुदायिक जग्गाको संरक्षण, व्यवस्थापन र उपयोगको लागि भु–उपयोग नीति अवलम्बन गरिने छ । साथै नगरको भौगोलिक सुचना प्रणाली (जि.आई.एस.) नक्सा तयार गरिनेछ ।

**महिला , बालबालिका तथा समाज कल्याण सम्बन्धी नीति**

३५. सबै प्रकारका हिंसामा परेका विपन्न, असहाय, एकल महिलाहरुको उपचार तथा पुनर्स्थापना र विपदमा परेका महिला, विपन्न महिलाहरुको सुरक्षा लागि स्थापित "उपमेयर महिला सुरक्षा कोष" र "लैङ्गिक हिंसा निवारण कोष" को परिचालनमा प्रभावकारिता ल्याई महिला सुरक्षा तथा उत्थान कार्यलाई निरन्तरता दिइनेछ ।

३६. सहिद परिवार, द्धन्द पिडित, बेपत्ता पारिएका परिवार, आर्थिक रुपले अति विपन्न, दलित, लोपोन्मुख, मुक्त-कमलरी र अपाङ्गता भएका महिलाहरुका लागि सशक्तिकरण र जिविकोपार्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।

३७. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई पुर्ण रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।

३८. परम्परागत हानिकारक अभ्यासहरुले हुने लैंगिक हिंसा नियन्त्रण, मानव बेचविखन र लागु औषध दुर्व्यसनीको अन्त्य गर्नको लागि सचेतनामुलक, उपचारात्मक कार्यक्रमहरु संचालनलाई निरन्तरता दिईनेछ ।

३९. हिंसा पिडित, विपद पिडीत महिलाको सुरक्षार्थ सेफ हाउसको व्यवस्थापन सहित संचालन गरिने छ । साथै महिलाको आर्थिक, सामाजिक सशक्तिकरण गर्दै न्यायमा सहज पहुँच अभिवृद्धि गरिनेछ ।

४०. अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि अपाङ्गता लक्षित कार्यक्रमहरु तय गरि सबै प्रकारको अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापन र व्यवसायिकताका लागि पुनरुस्थापना, स्वास्थ्य उपचार र सहायक सामाग्रीहरुको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

४१. ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई डिजिटल (स्मार्ट) कार्ड वितरण गर्दै जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई कदर गर्दै नगर क्षेत्रमा जेष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरिनेछ ।

४२. असहाय एकल महिला, जेष्ठ नागरिक तथा विपन्न परिवारलाई चाडपर्वको अवसरमा लुगाकपडा तथा खाना उपलब्ध गराउने व्यवस्था गरिनेछ । साथै मधेसी, दलित र लोपोन्मुख लगायतका सम्पुर्ण जातजातिको लागि निजहरुको मुख्य चाँडपर्वमा यथोचित कार्यक्रम गरि उचित सम्मान गर्ने नीति लिईनेछ ।

४३. बालमैत्री स्थानिय शासन पद्धतिलाई अवलम्वन गर्दै जोखिम पूर्ण अवस्थामा रहेका बालबालिकाहरुको उद्धार तथा संरक्षण र हक अधिकार सुनिश्चितका लागि संरचना तथा कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।

**राजश्व सम्बन्धी नीति :**

४४. नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्न प्रगतीशिल कर प्रणाली लागु गरि करको दायरालाई फराकिलो बनाईने छ । सबैलाई करको दायरामा ल्याउन बैंक तथा वित्तीय संस्था र उद्योग वाणिज्य संघसँगको समन्वय र सहकार्यको नीति अवलम्बन गरिने छ ।

४५. भजनी नगरपालिकाको आर्थिक विकास, समुन्नत र समृद्धिका लागि भौतिक पूर्वाधारको विकास गर्न संघीय सरकारको सहमती र सहकार्यमा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा निजी, दातृ संस्था वा निकायबाट आवश्यक अनुदान र ऋण लिने नीति लिईनेछ ।

४६. राजस्व क्षेत्रको सुधारका लागि नीति तथा संस्थागत सुदृढीकरण गर्दै उद्योगी, व्यवसायी लगायतका करदाताहरुको अभिलेखिकरण गर्दै राजश्व संकलनमा प्रभावकारिता ल्याइनेछ ।

**उद्योग तथा सहकारी सम्बन्धी नीति :**

४७. स्थानीय स्तरमा साना, घरेलु तथा लघु उद्योगहरुको विकास र विस्तार गरिनेछ । सहकारी संस्थाहरूलाई नियमन र व्यवस्थापन गरिनेछ । साथै **एक वडा एक कृषि सहकारी संस्था**को अवधारणालाई कार्यान्वयन गरिनेछ ।

४८. उद्योग तथा वाणिज्य क्षेत्रको विकास तथा प्रर्बद्धनको लागि सार्वजनिक-निजी साझेदारीको अवधारणा लागु गरि उद्योग, व्यवसाय तथा बजारको अनुगमन कार्यलाई थप व्यवस्थित गर्दै अनुगमन, मुल्याङ्कनलाई तिव्रता दिईनेछ ।

४९. नगर क्षेत्रलाई आर्थिक समृद्धि र अवसरका केन्द्रको रुपमा विकास गर्न वित्तीय, शैक्षिक, वाणिज्य, पर्यटकीय क्षेत्रको प्रवर्धनका लागि लगानी मैत्री बनाउदै लगिनेछ ।

५०. योजना निर्माण तथा कार्यान्वयनमा विकासको साझेदारका रुपमा रहेका नीजि, सहकारी, गैर सरकारी तथा सामाजिक संघसंस्था, सामुदायिक संस्था लगायतका निकायहरुको सहभागिता, साझेदारी र सहकार्यको नीति लिई बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

**पर्यटन तथा सांस्कृतिक प्रर्वद्धन सम्बन्धी नीति :**

५१. नगर क्षेत्रभित्रका ऐतिहासिक सम्पदा, मठ मन्दिर, पर्यटकीय स्थलको रुपमा रहेका धार्मिक स्थल, चौतारी, बरपीपल, खेल-मैदान, डल्फिन क्षेत्र, ताल तलैया आदिको संरक्षण तथा निर्माण, सम्वर्धन र समुचित उपभोग गर्दै यस्ता ऐतिहासिक सांस्कृतिक महत्वका स्थानहरुलाई नगर सम्पदाको रुपमा विकास गरी आन्तरिक एवम् वाह्य पर्यटक भित्राउन आवश्यक पहल गरिनेछ ।

५२. नगर क्षेत्रमा आन्तरिक श्रोत तथा प्रर्यटकीय क्षेत्रको रुपमा रहेका ताल तलैयाहरुको संरक्षण सम्बर्द्धन तथा समुचित उपभोग गर्नको लागि आवश्यक नीति तथा कानुन निर्माण गरि कार्यान्वयन गरिने छ ।

५३. यस नगरपालिकामा ठुलो बस्तिको रुपमा रहेको लोपोन्नमुख जाती राजी तथा कुमाल समुदायको कला, संस्कृति, भाषाको प्रर्बद्धन र संरक्षणका हेतु संग्राहालयको स्थापनाका साथै यस क्षेत्रमा सबैभन्दा बढी बाहुल्यता रहेको थारु जातीको पहिचान, कला, संस्कृतीको संरक्षण गर्न थारु संग्राहालय, होमस्टे तथा नमुना बस्ती स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

५४. भलमन्सा तथा बडघरको प्रथाजन्य चलन रहेको हुदाँ उनीहरुको हक र अधिकारको अनुभुति गर्दै भलमन्सा तथा बडघरलाई परिचयपत्र दिने व्यवस्था गरिनेछ । विभिन्न जातजातिको चाँडपर्वलाई मध्यनजर गर्दै स्थानीय विदा दिने व्यवस्था गरिनेछ । साथै चालचलन र रीतिरिवाज अनुसार संस्कार संस्कृतिलाई प्रवद्धन गरिनेछ । नगरमा मुक्त कमैयाहरुलाई मुक्त कमैया दिवस मनाउन सो दिन स्थानीय विदा दिने नीति लिइनेछ ।

**वन वातावरण संरक्षण सम्बन्धी नीति :**

५५. प्राकृतिक स्रोत र सम्पदाको रुपमा रहेको सामुदायिक वनको संरक्षण र समुचित सदुपयोग गर्दे वन क्षेत्रको दिगो व्यवस्थापन, बसन्ता जैविक मार्गको संरक्षण, पारिवारिक निजी वन निर्माण, सामुदायिक गोबर ग्यास तथा सौर्य उर्जा जस्ता बैकल्पिक उर्जा कार्यक्रमलाई प्रोत्साहन दिदै स्वच्छ वातावरण निर्माण अभियानमा जोड दिइनेछ ।

५६. नगर क्षेत्र भित्र रहेका विपद, जोखिम तथा सुरक्षित ठांउँको पहिचान, अध्ययन तथा अनुसन्धान गरि दिगो व्यवस्थापन, सुरक्षित भवनलाई व्यवस्थित गर्दै प्राकृतिक जोखिममा परेका नागरिकलाई सुरक्षित स्थानको व्यवस्था गरिनेछ ।

५७. नगर क्षेत्र भित्रका मुख्य नदीहरुमा जैविक तथा आवश्यकता अनुसार तटबन्धन, बृक्षारोपण मार्फत नदी नियन्त्रण कार्यलाई निरन्तरता दिईनेछ । साथै यस नगरपालिकामा वर्षेनी प्रमुख समस्याको रुपमा रहदै आएको बाढी प्रभावित क्षेत्रका जनताहरुको लागि सुरक्षित बसोबास तथा दिगो व्यवस्थापनको लागि संघिय सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

५८. फोहोरमैला बर्गिकरण गरि कुहिने फोहोरमैलाबाट कम्पोस्ट मल बनाई नकुहिने फोहोरमैला व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साइट तोकी फोहोर व्यवस्थापन गरिनेछ । प्लाष्टिकजन्य वस्तुहरुको उपभोगमा न्यूनीकरण गर्दै स्थानीय जैविक पदार्थबाट बनेका सामाग्रीहरुको उपयोगलाई प्राथमिकता दिने नीति लिइनेछ ।

**सामाजिक सुरक्षा तथा पंजिकरण सम्बन्धी नीति :**

५९. नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको सहयोगमा संचालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत संचालन हुने कार्यक्रमहरुलाई थप प्रभावकारी र दिगो बनाईने छ ।

६०. नेपाल सरकारको नीति अनुरुप सामाजिक सुरक्षा भत्तालाई वैंकिङ प्रणालीबाट प्रदान गरिदै आएकोमा यसलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ । वृद्धवृद्धा, असक्त र अपागंता भएका व्यक्तिहरुलाई सम्बन्धित गाँउटोलमै गएर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने नीति लिइनेछ ।

६१. पंजिकरण सम्बन्धी पुराना अभिलेखहरुलाई कम्प्युटराईज गर्दै घरबाटै अनलाईन सिस्टममा आवेदन भरी सेवा प्रवाहलाई थप सहज बनाउन राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको Public Portal प्रयोग गराउने नीति लिईनेछ ।

**सुशासन तथा संस्थागत विकास नीति :**

६२. स्थानीय तहको अदालतलाई मेलमिलाप अदालतका रुपमा विकास गरी स्थानीय मुद्दा / विवादहरुलाई वार्ता, मध्यस्थता, छलफल, क्षमादान, आपसी समझदारी, सहिष्णुता र सुझवुझपूर्ण तवरले मेलमिलापको बिधिबाट समस्या समाधान गरि झन्झटिलो र खर्चिलो न्याय प्रणालीमा सुधार गरिनेछ ।

६३. नगर तथा वडामा मेलमिलाप केन्द्रको गठन गरि न्यायिक समितिको न्याय सम्पादन प्रक्रियालाई सरल सहज बनाउन विभिन्न कार्यक्रमको संचालन गरिनेछ ।

६४. सुशासन, न्यायमा सहज पहुंच अभिवृद्धिको लागि हेल्प डेक्स र हेल्प लाईनको व्यवस्था गरिने छ । साथै हाम्रो समाजमा रहेको भल्मन्सा प्रथा लगायत अन्य क्षेत्रमा समेत कानुनी सचेतना अभिवृद्धि, संविधान प्रद्दत मौलिक हक सम्बन्धी विषेश कार्यक्रमहरु संचालन गरिनेछ ।

६५. नगरपालिका कार्यालयको सालवसाली रुपमा गरिने आन्तरिक तथा अन्तिम लेखापरीक्षणबाट औल्याइने बेरुजुलाई कम गर्ने तथा ठहर भैसकेको बेरुजुको बेरुजु फर्छौट गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ । साथै नगरपालिकाले आफ्नो कामसम्पादन गर्दा विगतका आन्तरिक लेखापरीक्षण प्रतिवेदन तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनका सुझावहरु मनन गर्दै आगामी दिनमा बेरुजु नहुने गरि सचेत भएर कामकाज गर्ने नीति लिइनेछ ।

६६. नगरपालिकाको सेवाप्रवाह र सुशासनमा अभिवृद्धी गर्न आन्तरिक राजश्वको सिमालाई मध्यनजर गर्दै नगरपालिकाका कर्मचारीहरुलाई आवश्यक सेवासुविधा उपलब्ध गराउने ब्यवस्था गरिनेछ । साथै उत्कृष्ट कामकाज गर्ने ठहर भएका कर्मचारीलाई **वर्ष उत्कृष्ट कर्मचारी घोषणा** गरि राम्रो र प्रतिवद्ध कामकाज गर्ने प्रवृतिलाई यथोचित सम्मान गरिनेछ ।

६७. कार्यालयका कर्मचारीहरुमा नियमित रुपमा कार्यसम्पादन गुणस्तर अभिवृद्धि र क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्दै सँस्थागत क्षमता सुदृढ गरिनेछ । नगरपालिका कार्यसञ्चालन निर्देशिका सहितका अन्य कानुन, नियम, निर्देशिका तथा कार्यविधिहरु निर्माण गरिनेछ ।

६८. नगरपालिकाले पाँच लाख भन्दा माथिका कोटेशन मार्फत खरिद हुने सम्पुर्ण डी.पि.आर निर्माण, मालसामान खरिद, परामर्श सेवा खरिद र निर्माण कार्यहरु नगरपालिकाको वेबसाइट मार्फत सूचना प्रकाशन गरि प्रतिस्पर्धाका आधारमा खरिद गर्ने नीति लिईनेछ ।

६९. नगरपालिकाबाट प्रकाशन गरिने सूचनाहरुलाई डिजिटल प्रणालीमा संप्रेषण गर्न प्राथिमिकता दिई सूचनाहरुमा सम्पुर्ण नगरवासीहरुको पहुँच सुनिश्चित गरिनेछ । साथै सम्पुर्ण सूचनाहरुमा न्यूनत्तम सरकारी मापदण्ड बराबरको लागत छुट दिने छापा तथा संचार माध्यममा प्रकाशन तथा प्रशारण गरिने नीति लिइनेछ ।

७०. नगरपालिकामा कार्यरत कर्मचारीको स्तर वृद्धि, बृति बिकास तथा बढुवा सम्बन्धिका कार्यहरु प्रदेश लोकसेवा आयोगको परामर्शमा मात्र गरिनेछ ।

७१. नगर सुरक्षा तथा सिमा सुरक्षालाई थप मजबुद बनाई सामाजिक शान्तिसुरक्षा कायम गर्न प्रहरी प्रशासनसँग समन्वय र सहकार्य गरी शान्ति सुरक्षालाई प्रभावकारी बनाईदै लगिनेछ । नगरपालिकाको सुरक्षा प्रभावकारिताको लागि नगर प्रहरीको ब्यवस्था कार्यान्वयन गरिनेछ ।

७२. नागरिकहरुका गुनासो सुनाई तथा गुनासो व्यवस्थापनलाई थप प्रभावकारी बनाउदै सुशासन कायम गर्न **जनतासँग मेयर र महिलासँग उपमेयर** कार्यक्रम संचालन गरिनेछ ।

सभा उपाध्यक्षज्यू , सम्पूर्ण सदस्यज्यूहरु एवं उपस्थित अन्य अतिथि ज्यूहरु ,

यस नगरको उल्लेखित नीति तथा कार्यक्रमको परिधिभित्र रही आर्थिक वर्ष २०७९/०८० मा सीमित श्रोत र साधनका बावजुद पनि अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरिने व्यहोरा यस गरिमामय सभामा जानकारी गराउदछु ।

यो नीति तथा कार्यक्रम कार्यन्वयन गर्नुपर्ने अवस्थामा सबै पक्षको सहकार्य र समन्वय आवश्यक छ । साथै संघीय सरकार र प्रदेश सरकारले अघि सारेका नीति र कार्यक्रम सञ्चालन गर्ने हरेक कृयाकलापमा नगरपालिकाले आवश्यक समन्वय गरि अघि बढ्नेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा समन्वय, सहयोग पुर्याउनुहुने सम्पुर्ण जननिर्वाचित पदाधिकारी, राजनीतिक दल, विज्ञ, राष्ट्रसेवक कर्मचारीहरु, संचार जगत, नागरिक समाज, निजि क्षेत्र, गैरसरकारी संघसस्था र नगरपालिकाका नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यो नीति तथा कार्यक्रम कार्यान्वियनको चरणमा सम्बद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा राख्दछु ।

धन्यवाद ।

केवल चौधरी
नगर प्रमुख
दिनाङ्क २०७९ साल आषाढ १० गते